# एडीबी समाचार नेपालबाट

वेबसाइटः http://www.adb.org/NRM
इमेलः adbnrm@adb.org

एसियाली विकास बैंक (एडीबी) को नेपाल आवासीय नियोगले प्रकाशित गर्ने त्रैमासिक समाचारपत्र

पौष, २०६२


## लैङ्गिक मूलप्रवाहीकरणमा प्रगति



**महिला सशक्तिकरण** लैङ्गिक सरोकारका विषयलाई सम्बोधन गर्ने नीति कार्यान्वयनका लागि एडीबीको सहायतामा सञ्चालित दुई आयोजनाहरूको मद्दतले खानेपानी र सिंचाइ क्षेत्रमा महिला सहभागिता वृद्धि भएको छ ।

लैङ्गिक तथा विकासका क्षेत्रमा एसियाली विकास बैंक (एडीबी), नेपाल आवासीय नियोगले लामो समयदेखि काम गर्दै आएको छ । खासगरी यसले लैङ्गिक सरोकारका विषय सम्बोधन गर्न सरकारको क्षमता विकास गर्नुका साथै सरकारी नीति तथा ऋण आयोजनाहरूमा लैङ्गिक आयामलाई मूलप्रवाहीकरण गर्नमा सरकारलाई सहयोग गर्छ ।

नेपाल आवासीय नियोगले एडीबीको सहायताप्राप्त शासकीय सुधार आयोजनाका माध्यमबाट निजामति सेवामा रहेको चरम लैङ्गिक असन्तुलन हटाउनेतर्फ पहिलो महत्वपूर्ण कदम चाल्न सरकारलाई सहयोग गरेको छ । लैङ्गिक प्रावधान तथा ऋण किस्ताबन्दी शर्तहरू सम्बन्धी एडीबीको नियमित तथा ऋण समीक्षा टोलीहरूको अनुगमनबाट सरकारलाई लैङ्गिक मूलप्रवाहीकरणका प्रयासहरूमा समझदारी विकास गर्न सहयोग प्रदान गरेको छ । यसको परिणामस्वरुप सन् २००३ देखि २००५ का बीचमा निजामति सेवामा महिलाहरूको संख्या ८ दशमलव ७ प्रतिशतबाट बढेर १० प्रतिशत पुगेको छ भने यसै अवधिमा राजपत्रांकित प्रथम तथा द्वितिय श्रेणीमा महिलाहरूको संख्या क्रमशः ३ बाट ९ र ५० बाट ७९ पुगेको छ । सन् २००५ जुलाइमा सरकारले पहिलोपटक महिला, जनजाति समूह, फाइदाबाट वञ्चित जाति तथा असहाय अपाङ्गहरूका पक्षमा ५ वर्षसम्म सकारात्मक भेदभावलाई मान्यता प्रदान गर्दै निजामति सेवा ऐनको संशोधन जारी गरेको थियो ।

यसैगरी, नीति तर्जुमा गर्दा लैङ्गिक सरोकारका विषय समाहित गर्नका लागि क्षेत्रगत क्षमता सुदृढीकरणमा नेपाल आवासीय नियोगले सहयोग गरेको थियो । एडीबीको सहायताप्राप्त साना शहरी खानेपानी तथा सरसफाई क्षेत्र आयोजना र सामुदायिक सिंचाइ कृषि क्षेत्र आयोजनाले खानेपानी वितरणमा समानुपातिक महिला सहभागिता कायम गर्न सरकारलाई सहयोग गरेको छ । यसले खानेपानी आपूर्ति क्षेत्रमा महिला सहभागिता सन् १९९८ को २२ प्रतिशतबाट बढेर सन् २००४ मा ३३ प्रतिशत पुगेको छ भने सिंचाइ क्षेत्रमा सन् १९९७ को २० प्रतिशतबाट वृद्धि भई सन् २००३ मा ३३ प्रतिशत पुगेको छ । प्रभावकारी महिला सहभागिता र समानुपातिक खानेपानी वितरणका लागि सचेत महिलाहरूको सहभागितासम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड हासिल गर्न दुवै क्षेत्रमा लैङ्गिक मूलप्रवाहीकरणलाई पहिलो कदमका रुपमा लागू गरिएको छ । सचेत महिलाहरूको उपस्थितिले महिला समूहलाई सहमतिमा पुग्न, छलफल अघि बढाउन तथा सेवा प्रवाहमा महिलाको चासोलाई प्रतिनिधित्व गराउन सक्षम तुल्याउँछ ।

क्षेत्र-विशेषको लैङ्गिक मूलप्रवाहीकरणका विभिन्न प्रयासहरूले उत्पादकत्व वृद्धि तथा महिलाहरूको स्वायत्तताजस्ता परिणाम हासिल भएका छन् । यी परिवर्तनले घरायसी श्रमको लैङ्गिक विभाजनलाई बदल्न मद्दत गर्नुका साथै विद्यालय भर्ना तथा घरायसी कामका आधारमा बालिकाहरूमाथि हुने भेदभाव क्रमिक रुपमा घटाइरहेको छ । ऋण प्रवाहसम्बन्धी महिला र पुरूषको

*क्रमशः दोस्रो पेजमा*

## यस अंकमा...


- नेपाल आवासीय नियोगको गोष्ठी श्रृंखला २
- एडीबीद्वारा सूचनामा पहुँच विस्तार २
- सन् २००५ मा एडीबीको कार्य-सम्पादनमा सुधार ३
- एडीबी-विश्व बैंक संयुक्त कार्यगत समीक्षा बैठक ३
- नेपाल आवासीय नियोगका कर्मचारीहरूको सरूवा ३
- नेपाल आवासीय नियोगद्वारा विभिन्न कार्यशालाको आयोजना र सहयोग ४
- नेपाल आवासीय नियोगको कार्यपत्र श्रृंखला ४
- तेस्रो त्रैमासिकको इकोनोमिक अपडेट प्रकाशित ४


*यस प्रकाशनमा उल्लेखित डलरले अमेरिकी डलरलाई जनाउँछ ।*

## लैङ्गिक

क्रमशः एक पेज बाट

छुट्टाछुट्टै तथ्यांक भएका तथा महिलाहरूलाई लाभान्वित समूहका रुपमा लक्षित गरिएका आयोजनाले सकारात्मक प्रगति देखाएको छ।

सरकारको लैङ्गिक मूलप्रवाहीकरण प्रयासमा सहयोग गर्न नेपाल आवासीय नियोगले संगठनात्मक आदानप्रदान र समानान्तर अध्ययनका लागि क्षेत्रगत निकाय तथा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयअन्तर्गतको महिला विकास विभागबीच वृहत् सहकारितालाई प्रवर्द्धन गरेको छ। यसका सकारात्मक परिणामहरूले सरकारभित्रको प्रतिबद्धता र अनुभवका आधारमा काम गर्ने राम्रो उपाय पहिल्याउन क्षमता विकास गर्नमा थप जोड दिएको छ। आयोजनाका सफल अनुभवहरूले कार्यकारी निकायको समझदारी बढाउन तथा लैङ्गिक भेदभावसम्बन्धी सूचनाको आन्तरिकीकरण गर्न र यसलाई दुवै लिङ्गका निम्ति अवसर र चुनौतिहरूमा कसरी रुपान्तरण गर्न सकिन्छ भनी पहिचान गर्न योगदान पुऱ्याएको छ।

*(यो लेख नेपाल आवासीय नियोगका लैङ्गिक तथा विकास विशेषज्ञ आभा श्रेष्ठले उपलब्ध गराउनुभएको हो।)* ■

# नेपाल आवासीय नियोगको गोष्ठी श्रृंखला

सन् २००५ को अन्तिम त्रैमासिकमा एसियाली विकास बैंक (एडीबी), नेपाल आवासीय नियोगले चारवटा आन्तरिक गोष्ठीहरू सञ्चालन गरेको थियो।

एडीबीका वरिष्ठ परिणाम व्यवस्थापन अधिकृत जोसेफिना ब्यालेन र परामर्शदाता एलिसन वेस्कट्ले २०६२ साल मंसिर ८ गते आयोजित गोष्ठीमा 'नेपालको परिणाममुखी राष्ट्रिय रणनीति तथा कार्यक्रम : विकासका प्रभाव हासिल गर्ने नमूना योजना' विषयक प्रस्तुति राख्नुभएको थियो। उहाँहरूको प्रस्तुति र त्यसपछिको छलफल परिणाममुखी राष्ट्रिय रणनीति तथा कार्यक्रमको तर्जुमा र कार्यान्वयनका क्रममा आउने चुनौतिहरूमाथि केन्द्रित थियो। एडीबीले ती चुनौतिहरूको सामनाका लागि गरेका प्रयास र यस प्रक्रियाबाट प्राप्त ज्ञानहरूलाई पनि प्रस्तुतिमा समेटिएको थियो।

नियोगका बाह्य सम्पर्क तथा नागरिक समाज अधिकृत कविता शेरचनले मंसिर २७ गते आयोजित गोष्ठीमा 'सामाजिक संगठन तथा संस्थाहरूको आचारसंहिता : तथ्य र विवाद' बारे बोल्नुभएको थियो। उहाँको प्रस्तुतिले आचारसंहिताका मुख्य प्रावधानहरूमाथि प्रकाश पारेको थियो।

एडीबीको सहायताप्राप्त कर्पोरेट वित्तीय शासकीय आयोजनाका परामर्शदाता गान्धी पण्डितले मंसिर २९ गते आयोजित गोष्ठीमा 'नयाँ आर्थिक कानुनहरू : सुरक्षित कारोबार अध्यादेश' बारे बोल्नुभएको थियो। उहाँको प्रस्तुति र त्यसपछिको छलफल अध्यादेशका विविध पक्षहरूमाथि केन्द्रित थियो।

यसैगरी, नियोगका वरिष्ठ अर्थशास्त्र अधिकृत राजु तुलाधरले पुस ७ गतेको गोष्ठीमा 'विकासोन्मुख मुलुकहरूका लागि ऋणमोचन प्रयासको विकास' विषयमा आफ्नो प्रस्तुति राख्दै विकासोन्मुख मुलुकहरूको बाह्य ऋणभार कम गर्न अन्तर्राष्ट्रिय वित्तीय समुदायले गरिरहेका विभिन्न प्रयास र यसले नेपाल तथा एडीबीमा पार्ने प्रभावको समीक्षा गर्नुभएको थियो। ■

# एडीबीद्वारा सूचनामा पहुँच विस्तार

हालै पारित भएको एसियाली विकास बैंक (एडीबी) को सार्वजनिक सञ्चार नीतिका सार्वजनिकीकरण आवश्यकताहरू तथा जनताको सूचना अधिकारसम्बन्धी चेतना अभिवृद्धि गर्न एडीबीले नागरिक समाजका प्रतिनिधि र सरकारी अधिकारीहरूसँग काठमाडौंमा छुट्टाछुट्टै बैठक आयोजना गऱ्यो।

वि.सं. २०६२ साल भदौ १६ गतेदेखि लागू भएको एडीबीको नयाँ सार्वजनिक सञ्चार नीतिले सन् १९९४ मा अपनाइएका सूचना नीति तथा रणनीति र सूचनाको गोपनीयता तथा सार्वजनिकीकरणसम्बन्धी नीति नामका दुई नीतिलाई प्रतिस्थापन गरेको छ। सार्वजनिक सञ्चार नीतिले एडीबीको संवाद प्रक्रियालाई बढी प्रभावकारी तुल्याउने संरचनाको काम गरेको छ। यसले सूचनासम्म पहुँच पुऱ्याउने एडीबीको रणनीति तथा सूचना सार्वजनिकीकरणका लागि निर्धारित नयाँ आवश्यकताहरू समेटेको छ।

सार्वजनिक सञ्चार नीतिले सूचनासम्म वृहत् पहूँच उपलब्ध गराउनुका साथै एडीबीका काम-कारबाहीहरूबाट प्रभावित व्यक्तिहरूका लागि आफ्नो जीवनयापनमा सुधार ल्याउने निर्णयहरूलाई प्रभावित तुल्याउनसक्ने अवसरहरू विस्तार गर्नेछ। यो नीतिले एडीबीको सहायताप्राप्त आयोजनाहरूबारे सूचना तथा विचारहरू खोज्ने, हासिल गर्ने र सूचित गर्ने जनताको अधिकारलाई समर्थन गर्छ। सार्वजनिक सञ्चार नीतिका माध्यमबाट एडीबीले सामयिक, स्पष्ट र सान्दर्भिकढंगमा सूचना उपलब्ध गराउनुका साथै आयोजनाबाट प्रभावित व्यक्तिहरूलाई आयोजनाको ढाँचामा अर्थपूर्ण योगदान पुऱ्याउन पर्याप्त समय उपलब्ध हुनेगरी उनीहरूसँग सूचना आदानप्रदान गर्न खोजेको छ। यो नीतिले साझेदारहरूमा एडीबीप्रतिको विश्वास बढाउनुका साथै एडीबीसँग मिलेर काम गर्ने क्षमतालाई विस्तार गर्ने उद्देश्य लिएको छ।

सार्वजनिक सञ्चार नीतिको एउटा मुख्य भिन्नता भनेको गोपनीयताका लागि बाध्यात्मक कारण नभएसम्म एडीबीले आफ्ना सम्पूर्ण सूचनाहरू सार्वजनिक गर्न मिल्छ भन्ने सोच्नेछ। नयाँ सार्वजनिक सञ्चार नीतिले एडीबीले छनौटका आधारमा सूचना सार्वजनिक गर्दैन र यस नीतिअन्तर्गत एडीबीले सार्वजनिकरुपमा उपलब्ध गराएका सूचनाहरूमा सर्वसाधारणको समान पहुँच कायम रहनेछ भनी सुनिश्चित गर्नेछ।

एडीबीको बाह्य सम्पर्क विभागका सूचना सार्वजनिकीकरण एकाई प्रमुख सिन्डी माल्भिसिनीले यही २०६२ साल मंसिर १४ र १६ गते आयोजित दुईवटा बैठक सत्रहरूमा आफ्नो प्रस्तुति राख्नुभएको थियो। यी बैठकहरूमा विभिन्न नागरिक समाज संगठनका २७ जना प्रतिनिधिहरू र सरकारी निकायका २८ जना अधिकारीहरूले भाग लिएका थिए। ■



**सूचनामा पहुँच विस्तार** एडीबीको बाह्य सम्पर्क विभागका सूचना सार्वजनिकीकरण एकाई प्रमुख सिन्डी माल्भिसिनी एडीबीको सार्वजनिक सञ्चार नीतिबारे छलफल गर्दै।

# सन् २००५ मा एडीबीको कार्य-सम्पादनमा सुधार

एसियाली विकास बैंक (एडीबी), नेपाल आवासीय नियोगका राष्ट्रिय निर्देशक सुल्तान हफिज रहमानले सन् २००५ मा सहायताको प्रभावकारिता विस्तार गर्न विकासका परिणामहरूका लागि आवश्यक व्यवस्था मिलाउने, व्यावसायिक प्रक्रियामा एकरुपता ल्याउने तथा आफ्नो सहायताप्राप्त कार्यक्रमहरूको कार्य-सम्पादनमा सुधार ल्याउन एडीबी बढी केन्द्रित रहेको बताउनुभएको छ ।

२०६२ साल पुस ४ गते आयोजित नियोगको वर्षान्त पत्रकार सम्मेलनमा श्री रहमानले नेपालमा एडीबीको सहायतामा सञ्चालित कार्यक्रमहरूको कार्य-सम्पादन विगत चार वर्षसम्म लगातार कमजोर अवस्थामा रहेपछि सन् २००५ मा उल्लेखनीय सुधार आएको उल्लेख गर्नुभयो ।

'सहायताको प्रभावकारिता हासिल गर्न सन् २००४ अक्टोबरमा पारित भएको परिणाममुखी राष्ट्रिय रणनीति तथा कार्यक्रमको कार्यान्वयनमा एडीबीले जोड दिइरहेको छ', उहाँले भन्नुभयो । सहायता कार्यक्रमको कार्य-सम्पादन कमजोर हुनुमा राजनीतिक अस्थायित्व, पटकपटक हुने सरकार परिवर्तन र यसको परिणामस्वरुप बरिष्ठ सरकारी अधिकारी तथा आयोजनाका कर्मचारीहरूमा हुने सरुवा तथा सरकारको निर्णय प्रक्रिया ढिला हुनु मुख्य कारण भएको उहाँले औंल्याउनुभयो ।



प्रेस अन्तर्क्रिया नेपाल आवासीय नियोगले वर्षको अन्तमा आयोजना गर्ने प्रेस अन्तर्क्रिया कार्यक्रममा विभिन्न स्थानीय तथा विदेशी समाचार संस्थाहरूबाट सहभागी पत्रकारहरू ।

कार्यक्रममा त्यसपछि भएको छलफल यस वर्षको नेपालको आर्थिक परिदृश्य तथा एडीबीको सहायताप्राप्त कार्यक्रमको कार्य-सम्पादनमा केन्द्रित थियो । अन्तर्क्रिया कार्यक्रममा विभिन्न नेपाली तथा विदेशी सञ्चार माध्यमका २९ जना पत्रकारहरूले भाग लिएका थिए । ■

# एडीबी-विश्व बैंक संयुक्त कार्यगत समीक्षा बैठक

अन्य विकास नियोगहरूसँग भइरहेको एकरुपता प्रयासका सिलसिलामा एसियाली विकास बैंक (एडीबी), नेपाल आवासीय नियोग र विश्व बैंक, काठमाडौं कार्यालयले २०६२ साल असोज २० गते संयुक्त कार्यगत समीक्षा बैठक आयोजना गरे ।

बैठकमा वृहत् चासोका महत्वपूर्ण मुद्दाहरूमाथि छलफल भएको थियो । दुवै संस्थाका कर्मचारीहरूले आफ्नो क्षेत्रका महत्वपूर्ण कार्यगत सूचना आदानप्रदान गरेका थिए । दुवै संस्थाका कर्मचारीहरूले पुस ७ गते फेरि भेटेर एकरुपता प्रक्रियामा भएका प्रगतिबारे छलफल गरेका थिए ।

एडीबी र विश्व बैंकले २०६० साल जेठ महिनामा संयुक्त एकरुपता शिविर आयोजना गरेर नेपालमा आफ्नो एकरुपता प्रक्रिया सुरु गरेका हुन् । ■



एकरुपता नेपाल आवासीय नियोग र विश्व बैंकका कर्मचारीहरू महत्वपूर्ण विकास मुद्दामाथि छलफल गर्दै । नेपाल आवासीय नियोगका राष्ट्रिय निर्देशक सुल्तान हफिज रहमान (बायाँ) र विश्व बैंकका राष्ट्रिय निर्देशक केन ओहासी (दायाँ) ले संयुक्त रुपमा कार्यक्रमको सभापतित्व गर्नुभएको थियो ।

## नेपाल आवासीय नियोगका कर्मचारीहरूको सरुवा

सन् २००५ को अन्तिम त्रैमासिकमा एसियाली विकास बैंक (एडीबी), नेपाल आवासीय नियोगका दुई कर्मचारीहरूको एडीबीका अन्य आवासीय नियोगहरूमा सरुवा भएको छ ।



सन् २००३ फेब्रुअरी ९ मा आयोजना प्रशासनिक एकाई प्रमुखका रुपमा नेपाल आवासीय नियोग प्रवेश गर्नुभएका पिटर लोगनले अक्टोबर २८ (२०६२ साल कात्तिक ११ गते) देखि नियोगबाट बिदा लिनुभएको छ । उहाँ अहिले प्रजातान्त्रिक जनवादी गणतन्त्र लाओको आवासीय नियोगमा बरिष्ठ आयोजना कार्यान्वयन विशेषज्ञ हुनुहुन्छ । नेपाल आवासीय नियोगमा आयोजना प्रशासनिक एकाई प्रमुखका रुपमा श्री लोगनले एडीबीको सहायताप्राप्त आयोजनाहरूको व्यवस्थापनसम्बन्धी जिम्मेवारी सम्हाल्नुभएको थियो ।



सन् २००३ डिसेम्बर २९ मा बरिष्ठ राष्ट्रिय कार्यक्रम विशेषज्ञका रुपमा नेपाल आवासीय नियोगमा आबद्ध हुनुभएका सुङसुप रले डिसेम्बर १७ (२०६२ साल पुस २ गते) देखि नियोगबाट बिदा लिनुभएको छ । नियोगमा उहाँले समष्टिगत अर्थतन्त्र, वित्त, शासन, क्षेत्रीय तथा बाह्य सम्वन्ध एकाई प्रमुखको जिम्मेवारी सम्हाल्नुभएको थियो । श्री र हाल बंगलादेश आवासीय नियोगमा प्रमुख कार्यक्रम अर्थशास्त्रीका रुपमा आबद्ध हुनुभएको छ ।

# नेपाल आवासीय नियोगद्वारा विभिन्न कार्यशालाको आयोजना र सहयोग

एसियाली विकास बैंक (एडीबी), नेपाल आवासीय नियोगका कर्मचारीहरूले सन् २००५ को अन्तिम त्रैमासिकमा विभिन्न कार्यशाला तथा गोष्ठीहरू आयोजना गर्नुका साथै केही गोष्ठीहरूमा भाग लिएका थिए। त्यसमध्ये केहीको यहाँ चर्चा गरिएको छ।

एडीबी र दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) ले २०६२ साल असोज ३१ र कात्तिक १ गते संयुक्त रुपमा काठमाडौंमा सार्क क्षेत्रीय मल्टिमोडल यातायात अध्ययनका लागि दोस्रो प्राविधिक समन्वय बैठक आयोजना गरेका थिए। बैठकले सार्क क्षेत्रीय मल्टिमोडल यातायात अध्ययनका लागि उपयुक्त हुने राजमार्गहरू पहिचान गर्नुका साथै मस्यौदा राष्ट्रिय प्रतिवेदन (सार्क क्षेत्रीय मल्टिमोडल यातायात अध्ययन चरण १) को ढाँचा पारित गरेको थियो। बैठकमा सार्क सदस्य राष्ट्रका राष्ट्रिय टोली प्रमुखहरू र सार्क सचिवालय तथा एडीबीका कर्मचारीहरूले भाग लिएका थिए।

नेपाल आवासीय नियोगले गरिबहरूका लागि सार्वजनिक सूचना सेवासम्बन्धी तालिम सञ्चालन गर्न एसियाली विकास बैंक इन्स्टिच्युट (एडीबीआई) र कोलम्बो प्लान स्टाफ कलेजलाई सहयोग गर्‍यो। यो तालिम राष्ट्रिय सूचना प्रविधि केन्द्र (एनआईटीसी) नेपालको साझेदारीमा मंसिर २ देखि ८ गतेसम्म सञ्चालन गरिएको थियो। तालिममा विभिन्न सरकारी निकाय, गैर-सरकारी संस्था, टेलिसेन्टर तथा ई-सामुदायिक केन्द्रका ३० जनाभन्दा बढी प्रतिनिधिहरूले भाग लिएका थिए।

एडीबी र अर्थ मन्त्रालयले मंसिर ७ गते काठमाडौंमा संयुक्त रुपले एसियाली विकास कोष (एडीएफ) मुद्रा व्यवस्थापन प्रस्तावसम्बन्धी कार्यशाला आयोजना गरेका थिए। कार्यशालामा मुद्रा व्यवस्थापन प्रस्ताव र सो प्रस्तावले ऋणको हिसाबकिताब तथा ऋणको भुक्तानीमा पार्ने प्रभावमाथि छलफल भएको थियो। कार्यशालामा अर्थ मन्त्रालय र ऋण व्यवस्थापन तथा योजना, ऋणको प्रबन्ध र भुक्तानी, वित्तीय नियन्त्रण, ऋणको हिसाब र लेखाप्रणाली तथा एडीएफ ऋणको लेखापरिक्षणमा संलग्न सरकारी निकायका करिब २५ जना अधिकारीहरूले भाग लिएका थिए।

एडीबीले मंसिर १३ देखि १७ गतेसम्म काठमाडौंमा परिणाममुखी आयोजनाको ढाँचा तथा व्यवस्थापन कार्यशाला आयोजना गरेको थियो। एडीबीले आफ्ना साझेदार तथा कर्मचारीहरूलाई तत्काल राम्रो स्तरको परिणाममुखी आयोजनाको ढाँचा तयार पार्न र त्यसको कार्यान्वयन गर्नमा सहयोग पुर्‍याउनका लागि यो कार्यशाला सञ्चालन गरेको हो। कार्यशालामा एडीबीको सहायताप्राप्त आयोजनाका २८ जनाभन्दा बढी आयोजना निर्देशक र प्रबन्धकहरूले भाग लिएका थिए।

नेपाल आवासीय नियोग र एडीबीको दक्षिण एसिया विभाग (साउ) को कार्यक्रम समन्वय शाखाले मंसिर २३ र २४ गते काठमाडौंमा संयुक्त रुपमा साउ अर्थशास्त्रीहरूको सम्मेलन आयोजना गरेको थियो। सन् २००४ नोभेम्बर १ र २ मा इस्लामाबादमा बसेको साउ अर्थशास्त्रीहरूको बैठककै निरन्तरतास्वरुप यो सम्मेलन आयोजना गरिएको हो। सम्मेलनमा २४ वटा साउ राष्ट्रका अर्थशास्त्री तथा विशेषज्ञहरूले भाग लिएका थिए। सम्मेलनले साउ राष्ट्रका अर्थशास्त्रीहरूलाई यो क्षेत्र र साउ राष्ट्रहरूको आन्तरिक आर्थिक मुद्दाहरूमाथि छलफल गर्ने अवसर प्रदान गर्नुका साथै साउमा हाल चलिरहेका र सम्पन्न भइसकेका आर्थिक, अवधारणागत तथा क्षेत्रगत कार्यहरूका सम्बन्धमा विचार आदानप्रदान गर्ने र भावी कार्यहरूको योजना तयार पार्ने अवसर दिएको थियो।

एडीबी र सार्कले पुस १ र २ गते संयुक्त रुपमा काठमाडौंमा सार्क क्षेत्रीय मल्टिमोडल यातायात अध्ययन कार्यशाला आयोजना गरेका थिए। कार्यशालामा प्रत्येक सार्क सदस्य राष्ट्रका यातायात क्षेत्रका राष्ट्रिय विशेषज्ञहरूले तयार पारेको यातायात सञ्जाल विकाससम्बन्धी प्रतिवेदनको मस्यौदा र सार्क क्षेत्रीय मल्टिमोडल यातायात अध्ययनको दोस्रो चरणको अध्ययन विधिमाथि छलफल भएको थियो। कार्यशालामा बंगलादेश, भुटान, भारत, मालदिभ्स, नेपाल, पाकिस्तान र श्रीलंकाका राष्ट्रिय तथा क्षेत्रीय यातायात विज्ञहरू, सरकारी प्रतिनिधि तथा सार्क सचिवालय र एडीबीका कर्मचारी गरी करिब ३० जना प्रतिनिधिहरूले भाग लिएका थिए।

एडीबीको सहायताप्राप्त विकेन्द्रीत ग्रामीण पूर्वाधार तथा जीविकोपार्जन आयोजना समूहले आफ्ना सरोकारवालाहरूलाई आयोजनाका बारेमा जानकारी दिन पुस ६ र ७ गते परिचयात्मक कार्यशाला सञ्चालन गरेको थियो। कार्यशालामा आयोजनाका १८ जिल्लाबाट प्रतिनिधिहरूले भाग लिएका थिए। नेपाल आवासीय नियोगका राष्ट्रिय निर्देशक सुल्तान हफिज रहमानले कार्यशालाको उद्घाटन सत्रलाई सम्बोधन गर्नुभएको थियो।

आगामी कार्यक्रमहरूको पूर्ण सूचीका लागि एडीबी, नेपाल आवासीय नियोगको वेबसाइट हेर्नुहोस् : http://www.adb.org/nrm ■

## नेपाल आवासीय नियोगको कार्यपत्र शृंखला

नेपाल आवासीय नियोगले सन् २००५ मा निम्न लिखित ६ वटा कार्यपत्रहरू प्रकाशन गर्‍यो :

- नं. १ : सुङसुप र र चाङ्ग योङ रिद्वारा लिखित नेपालको समष्टिगत आर्थिक प्रारुप
- नं. २ : सुङसुप र विपुल सिंहद्वारा लिखित द्वन्द्वको आर्थिक लागत मापन : घट्दो विकास खर्चको प्रभाव
- नं. ३ : डा. हर्क गुरुङद्वारा लिखित विकासका लागि नेपालको क्षेत्रीय रणनीति
- नं. ४ : राजेन्द्र प्रधान र आभा श्रेष्ठद्वारा लिखित जनजाति तथा जातीय विविधता : विकासमा प्रभाव
- नं. ५ : मोहियुद्दिन अलाम्गिर र सुङसुप रद्वारा लिखित नेपालको सार्वजनिक ऋणको स्थायित्व विश्लेषण
- नं. ६ : सुङसुप र र चाङ्ग योङ रिद्वारा लिखित ऋण व्यवस्थापन : नेपालको सार्वजनिक ऋणको स्थायित्वसम्बन्धी विश्लेषण

यी कार्यपत्रहरू नियोगको वेबसाइट http://www.adb.org/NRM/publications.asp मा उपलब्ध छन्। यसको कुनै अंक चाहिएको खण्डमा pgurung@adb.org मा इमेल गर्नुहोस्। ■

## तेस्रो त्रैमासिकको इकोनोमिक अपडेट प्रकाशित

नेपाल आवासीय नियोगले सन् २००५ को तेस्रो त्रैमासिकको नेपाल इकोनोमिक अपडेट अक्टोबर महिनामा प्रकाशित गरेको छ। यसमा आर्थिक वर्ष २००५ (२००५ जुलाई मध्यसम्म) मा भएको नेपालको आर्थिक विकासबारे विश्लेषण गरिएको छ।

यसमा नीतिगत विकास, वित्तीय कार्य सम्पादन, समष्टिगत आर्थिक विकास र क्षेत्रगत कार्य सम्पादन, मौद्रिक विकास तथा मुलुकको भुक्तानी सन्तुलन स्थितिसम्बन्धी विश्लेषण संलग्न छ। नेपालको अर्थतन्त्रबारे नियमित रुपमा अद्यावधिक जानकारी दिने उद्देश्यअनुरुप सन् २००३ देखि प्रकाशन गर्न थालिएको यस पुस्तकको यो छैठौं अंक हो। यो एडीबीको वेबसाइट http://adb.org/NRM/publicatioins.asp मा उपलब्ध छ ■


**समाचार नेपालबाट**

एसियाली विकास बैंक (एडीबी) को नेपाल आवासीय नियोगले प्रकाशित गर्ने यस त्रैमासिक समाचारपत्रको मुख्य उद्देश्य एडीबी र उसँग आबद्ध समूहहरूबीच सूचना आदानप्रदानलाई विस्तार गराउनु हो। 'समाचार नेपालबाट' ले एडीबीका गतिविधि सम्बन्धी जानकारी दिनुका साथै नेपालमा विकासे मुद्दाबारे छलफल गर्न मञ्च उपलब्ध गराएको छ। यद्यपि यसमा प्रकाशित भएका लेखहरूले एडीबीको आधिकारिक विचार प्रवाह गरेको छ भनी अनिवार्यरुपमा भन्न सकिदैन। हामी पाठकहरूको सुझाव तथा प्रतिक्रियाको स्वागत गर्छौं।

नेपाल आवासीय नियोग
श्रीकुञ्ज, कमलादी, वार्ड नं. ३१
पोष्ट बक्स ५०७१
काठमाडौं, नेपाल।
फोन: + ९७७ १ ४२२ ७७७९
फ्याक्स: + ९७७ १ ४२२ ५०६३
adbnrm@adb.org
www.adb.org/nrm
राष्ट्रिय निर्देशक: सुल्तान हाफिज रहमान